# महाराजगंज नगरपालिका

कपिलवस्तुद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः– ५ संख्याः– १ मितिः– २०७८।०३।२८

## भाग :–१

## महाराजगंज नगरपालिका

कपिलवस्तु, लुम्बिनी प्रदेश

# महाराजगंज नगरपालिकाको स्थानीय तह कर्मचारी समायोजन तथा व्यवस्थापन ऐन :– २०७८

नगर सभाबाट पारित मितिः– २०७८।०३।२१

प्रमाणीकरण मितिः– २०७८।०३।२८

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम महाराजगंज नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

Scanned with CamScanner

# महाराजगंज नगरपालिकाको स्थानीय तहका कर्मचारी समायोजन तथा व्यवस्थापन ऐन २०७८

प्रस्तावनाः

साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन, तह मिलान, स्तरवृद्धि र बढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोवल उच्च गराउन कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले समायोजन ऐन २०७५ को दफा दफा ६ को उपदफा (४) र दफा २३ मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम महाराजगन्ज नगर सभाले यो ऐन वनाई लागु गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नामः महाराजगन्ज नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन, २०७८ हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई यो ऐन जारी हुँदाको वखत सम्म महाराजगन्ज नगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) "समायोजन ऐन" भन्नाले संघीय सरकारबाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "नगर सभा" भन्नाले महाराजगन्ज नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले महाराजगन्ज नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाराजगन्ज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले महाराजगन्ज नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) "न्युनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवस्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(ज) "कर्मचारी व्यवस्थापन" भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८५ बमोजिम स्थानीय तह महाराजगन्ज नगरपालिकामा समायोजन भई कार्यरत रहेका स्थायी कर्मचारीहरुलाई दफा ४ बमोजिम हुने तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

(झ) तोकिए वा तोकिए बमोजिम भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरि तोकिएको कुरालाइ सम्झनु पर्दछ ।

(ञ) नगर सेवा भन्नाले महाराजगन्ज नगरपालिकामा रहेका कर्मचारीहरुको सेवा समुहलाई सम्झनु पर्दछ ।

३. संगठन संरचना तथा कर्मचारी दरवन्दीः

१. यस ऐन बमोजिम स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनाको अध्ययन भै नगर सभाले स्वीकृत नगरेसम्म स्वतः पुल दरवन्दीमा कायम रहनेछन ।

Scanned with CamScanner

४. **समायोजन तह मिलान सम्वन्धी व्यवस्थाः**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भएका साविकका स्थानीय निकायका कर्मचारीहरुलाई यो ऐन जारी भएको मितिबाट जेष्ठता गणना हुने गरी एक पटकका लागि मात्र देहाय बमोजिम समायोजन मिलान, स्तरवृद्धि तह मिलान तथा ग्रेड वृद्धि गर्ने र यसरी तह मिलान तथा ग्रेड वृद्धिबाट थप हुने दायित्व नगरपालिकाबाट व्यहोरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता र सेवा अवधि समेतका आधारमा गरिनेछ ।

(३) यो ऐन जारी भएको मिति सम्म स्थायी सेवा अवधि ५ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

| क्र. सं. | साविकको पद | साविकको तह | समायोजन पश्चात कायम हुने पद | समायोजन पश्चात कायम हुने तह | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यालय सहयोगि | सहायकस्तर प्रथम | कार्यालय सहयोगि | सहायकस्तर दृतिय | |
| २. | मुखिया | सहायकस्तर तेस्रो | कार्यालय सहायक | सहायकस्तर चौथो | |
| ३. | कार्यालय सहायक | सहायकस्तर चौथो | कार्यालय सहायक | सहायकस्तर पाँचौ | |
| ४ | अ.सब ई. | सहायकस्तर चौथो | सब ईन्जिनियर | सहायकस्तर पाँचौ | |
| ५ | अधिकृत | अधिकृतस्तर सातौ | अधिकृत | अधिकृतस्तर आठौ | |

५. **समायोजन, तह मिलान, स्तरवृद्धि पत्र दिनेः** (१) यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात स्थानीय तहका ईच्छुक कर्मचारीहरुलाई यो ऐन बमोजिमको सुविधा लिन ७ दिनको सूचना जारी गरिने छ। सो सूचना बमोजिम प्राप्त निवेदनमा यस ऐन बमोजिम को प्रावधान पुरा भएको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान भएको पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची – १ बमोजिम हुनेछ ।

(३) **तह मिलान गरिनेः** यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात नगरपालिकाले संगठन संरचना र दरवन्दी पुनरावलोकन गरी नगर सभाबाट संगठन संरचना स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधि सम्म तह मिलान भएका कर्मचारीहरुलाई स्वत पुल दरवन्दीमा कायम गरिनेछ । यसरी स्तरवृद्धि भएका कर्मचारीले पुल दरवन्दीमा रहुन्जेल साविककै कामकाज गर्नुपर्नेछ ।

६. **समायोजन तह मिलान भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम समायोजन तह मिलान भएका स्थानीय तहका कर्मचारीहरुको तलव निजले साविकमा खाईपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड थप गरि तलव मिलान गरिनेछ ।

७. **जेष्ठता गणनाः** (१) समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता तह मिलान भएको मितिदेखि गणना गरिनेछ ।

Scanned with CamScanner

८. **सुविधा सम्वन्धीः** स्थानीय भत्ता लगायत अन्य सुविधा कानून बमोजिम हुनेछ ।

९. **आवस्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरि आवस्यक व्यवस्था मिलाउन सक्नेछ ।

**अनुसूची १**

दफा ४ को उपदफा (४) सँग सम्वन्धित

**समायोजन तह मिलान/स्तरवृद्धि पत्र**

पत्र सख्या :
चलानी नं.　　　　　　　　　　　　　　　　　　　　मिति..................

श्री .................. ........................

**विषयः समायोजन तह मिलान/स्तरवृद्धि गरिएको सम्वन्धमा ।**

महाराजगन्ज नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ बमोजिम मिति ................................ देखि जेष्ठता लागु हुने गरी तपाईलाई महाराजगन्ज नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन तह मिलान गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । समायोजन तह मिलान/स्तरवृद्धि हुनु भएकोमा बधाई छ ।

| **साविकको विवरण** | **समायोजन तह मिलान /स्तरवृद्धि पछिको विवरण** |
|---|---|
| पद : | पदः |
| तह : | तहः |
| सेवाः | सेवा |
| समुह : | समुहः |

................................
**प्रमुख प्रशासकीय अधिकृत**

**वोधार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।
श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री आर्थिक प्रशासन शाखा, महाराजगन्ज नगरपालिका।

प्रमाणित गर्ने
अब्दुल कलाम
नगर प्रमुख

पारित मिति २०७८।३।२१
प्रमाणिकरण मिति २०७८।३।२८

Scanned with CamScanner